# मलाई समावेश गर

श्रवण-दृष्टिविहिन वा
बहु-अपाङ्गता भएका
बालबालिकाहरुको आवाज

CREATED IN PARTNERSHIP BY:

JUNE 2020

# मलाई हेर्नुहोस!

**म पनि यहाँ छु है**
**एक बालबालिका, एक मानव...तपाईंहरु जस्तै छु**

**मेरो अपांगतालाई होइन मलाई हेर्नुहोस**
**म पनि स्वतन्त्र र स्वावलम्बी हुन चाहन्छु**

**मैले सिक्नका लागि केहि समय लाग्न सक्छ, मेरो**
**सिक्ने तरिकामा आफ्नै मौलिकता छ**
**तर सिक्छु, हरेक दिन मेरो सिकाई बढ्दै जानेछ**

**हातेमालो गरौँ, मसंग आऊ**
**अनि संगै मिलेर मेरो भित्रि गुण पहिचान गरौँ**




श्रवणयन्त्र लगाएकी सानी बच्ची काखमा लिएकी आमा; दुवै एक अर्कालाई हेरेर मुस्कुराउँदै।




एक बालिका र वयस्क व्यक्ति पम्पबाट संगै पानी तान्दै।

**म आफ्नो परिवार र समुदायमा सहभागी हुन सक्छु!**

# म खेल्न सक्छु!




चस्मा लगाएको एउटा बालक ठुलो बाटामा बसेर आवाज आउने खेलौना हल्लाईरहेको छ।



एक अर्काको हात समात्दै केटाकेटीहरु उफ्रिएर खेल्दै छन्।

# म संचार गर्न सक्छु!




म तपाईसंग कुराकानी गर्न चाहन्छु। तपाईंको लागि जस्तै यो मेरो लागि पनि एकदमै महत्वपुर्ण छ। मेरो नजिक आउनुहोस, मसंग कुरा गर्नुहोस, मेरा प्रतिक्रियाहरु हेर्नुहोस। मेरो भाषा बुझ्ने प्रयास गर्नुहोस, म पनि तपाइको भाषा सिक्न प्रयास गर्दै छु। हामी संगै रमाइलो गरौँ ल!

अभिभावक र बच्चा छोएर संचार गर्दै। अभिभावक भुइँमा बसिरहेका छन भने बच्चा उनि तर्फ फर्केर उनको दुई खुट्टाको आडमा भुइँमा पल्टीरहेको छ। अभिभावक र बच्चा हात अघि बढाएर ताली बजाईरहेका छन्।

बच्चा र हजुर आमा बाटामा हरियो तरकारी राखेर पिंढीमा बसेका छन्। दुवै मिलेर खाना बनाउनका लागि तरकारी केलाउँदै छन्।



म संधै सिकिरहेको हुन्छु...कुनै कुरा छोएर महसुस गरे पछी त्यो बस्तु कसरि प्रयोग गर्ने भन्ने मलाई थाहा हुन्छ! मैले केहि कुरा आफैं गर्नका लागि पर्याप्त समय र अभ्यास चाहिन्छ। तपाईले मेरो लागि दैनिक तालिका बनाएर सिक्न मद्दत गर्न सक्नु हुन्छ। अनि हो, अरु बालबालिका जस्तै म पनि विद्यालय जान सक्छु।

# म सिक्न सक्छु!

# म मायालु बच्चा हुँ
# र म तपाइलाई पनि मायाँ गर्छु...

म सहित सबै बच्चाहरुलाई माया र हेरचाह चाहिन्छ! म देखाउन त सक्दिन होला तर म तपाईंलाई औंधी माया गर्छु! म तपाईंले मलाई माया र हेरचाह गर्नु हुन्छ भनेर देखाउनुहोस भन्ने पनि चाहन्छु। म तपाईंको मायाँ महसुस गर्न सक्छु!




बुवाले आफ्नो बच्चालाई बोकेर अनुहारमा चुम्बन गरिरहेको ।

## याद राख्नुहोस:
## म बच्चा हुँ, एक अनमोल उपहार!



भाई र बहिनि एक अर्कालाई अँगालो हाली मुस्कुराउँदै ।

सबै बच्चाहरु जस्तै म पनि असिम सम्भावना र सपना बोकेको ,चकचके, हँसिलो बच्चा हुँ! के तपाइंले मलाई देख्नु भएको छ? म यहाँ हाम्रो समुदाय र छरछिमेकमै छु। म तपाईहरुको माया, सम्मान पाउन र हरेक कुरामा समावेश हुन प्रतिक्षा गरिरहेको छु। यदि तपाईंले मेरो कदर गर्नुभयो र मलाई हौसला दिनुभयो भने समुदायका अरुले पनि मलाई उस्तै व्यवहार गर्ने छन। उहिलेको कुरा हो, म जस्तै एउटा बच्चा थिइन्! पछि उनि हेलेन केलरका नामले प्रसिद्ध महिला बनिन! उनले भनेकी छन् - ‘एक्लै हामी थोरै मात्र गर्न सक्छौ; सबै मिलेर हामि धेरै गर्न सक्छौं।’ म संग धेरै सपनाहरु छन् के तपाइँ मलाई ति सपना पुरा गर्न सहयोग गर्न सक्नु हुन्छ?